# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या : २०७८।७९ मिति : २०७८/६।२२
च.नं. ७

विषयःलेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू
सिमकोट गाउँपालिकाको कार्यालय,, हुम्ला।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७७।७८ को विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७८।६।२२ मा छलफल पश्चात तयार गरिएको पाना २२(बाइस)को प्रारम्भिक प्रतिवेदन यसै साथ छ।

कार्यालयबाट पेस भएको आर्थिक विवरण प्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो।लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो।प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम ३५ दिन भित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ ।उक्त समय भित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेशगरी लेखाउत्तदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु।

दिनेश मिश्र
निर्देशक

<u>बोधार्थतथाकार्यार्थः</u>

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार काठमाडौं; - प्रतिवेदन संलग्न छ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
कर्णाली प्रदेश, हुल्ला - प्रतिवेदन संलग्न छ ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय,
कर्णाली प्रदेश, हुल्ला - प्रतिवेदन संलग्न छ ।



Scanned with CamScanner

**कार्यालयको नामः** सिमकोट गाँउकार्यपालिकाको कार्यालय , हुम्ला
**आर्थिक वर्षः** २०७७।७८

| नाम | | कार्यरत अवधि | | बेरुजू रकम |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| कार्यालय प्रमुख | प्रमुख प्रशासकिय अधिकृत श्री उजिर रोकाय | २०७७।४।१ | २०७८।३।३१ | २९०८२१९७।- |
| लेखाप्रमुख | लेखा प्रमुख श्री हिमाल रोकाय | २०७७।४।१ | २०७८।३।३१ | |

स्थानीय संचित कोषःस्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालनम भएका व्ययहरुको आय व्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को समग्र संचित कोषकसंक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

## एकीकृत आयव्यय विवरण

**आ.व.०७७।७८**

**एकिकृत आथिक विवरण**

| सि न | आय तर्फ | | | सि.न. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ५३५६१८१ | १ | **चालु खर्च** | २६७८५२३९४ | ४३४७८१२९४ |
| | क) नगद | | | २ | **पुजीगत खर्च** | १६६९२८९०० | |
| | ख) बैंडक | ४२३१०९१ | | ३ | **अन्य विषयगत निकाय बाट प्राप्त** | | |
| | ग) धरौटी | ११२५०९० | | | | | ९८४७४७१८ |
| २ | **राजश्व(आन्तरिक आय)** | | ५५७६७६३९ | | मुख्यमन्त्री रोजगार कार्यक्रम | ३२४१३७३३ | |
| | क) आन्तरिक राजश्व | १५९७९५६ | | | गरिवसंग विशेश्वर कार्यक्रम | ५४५५९० | |
| | ख) राजश्व वाडफाड | ५४१६९६८३ | | | स्थानिय पुर्वधार विकास साझेदारि कार्यक्रम | १०९९९२६६ | |
| | ग) अन्य आय | | | | सामाजिक विकास मन्त्रालय | १३५९८८८ | |
| ३ | **वितिय हस्तान्तरण संघ** | | ३४२९५२७४५ | | सामाजिक सुरक्षा कार्यक्रम | ५२२४६३३६ | |
| | क) समानिकरण अनुदान | ८६४९५४२५ | | | युनिसेफ | ९०९९०५ | |
| | ख) शसर्त अनुदान | २५६४५७३२० | | ४ | **वितिय व्यवस्था भुक्तानी** | | |
| | ग) समपुरक अनुदान | ० | | | क) ऋण भुक्तानी | | |
| | घ) विशेष अनुदान | ० | | | ख) व्याज भुक्तानी | | |
| ४ | **प्रदेश सरकार बाट** | | ३६०६०९०० | | ख) अन्य भुक्तानी | | |
| | क) समानिकरण अनुदान | १०११७००० | | ५ | **लगानी** | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) शसर्त अनुदान | १४४८९००० | | | क) ऋण लगानी | | ० |
| | ग) समपुरक अनुदान | ८३५६९०० | | | ख) शेयर लगानी | ० | |
| | घ) विशेष अनुदान | ३०९८००० | | | ख) अन्य लगानी | ० | |
| ५ | **अन्तरस्थानिय तहबाट प्राप्त** | ० | | ६ | **धरौटी फिर्ता** | २७०४१६५ | २७०४१६५ |
| ६ | **अन्यविषयगत निकाय बाट प्राप्त** | | | ७ | **जनश्रमदान फिर्ता** | | ० |
| | मुख्यमन्त्री रोजगार कार्यक्रम | ३२४१३७३३ | ९८४७४७१८ | ८ | **कोष फिर्ता** | ० | |
| | गरिवसंग विशेश्वर कार्यक्रम | ५४५५९० | | ९ | **मौज्दात** | ० | |
| | स्थानिय पुर्वधार विकास साझेदारि कार्यक्रम | १०९९९२६६ | | | क) बैंक मौज्दात | ४२३१०९१ | ४२३१०९१ |
| | सामाजिक विकास मन्त्रालय | १३५९८८८ | | | ख) नगद मौज्दात | ० | ० |
| | सामाजिक सुरक्षा कार्यक्रम | ५२२४६३३६ | | १० | **शसर्त अनुदान फिर्ता** | ० | |
| | युनिसेफ | ९०९९०५ | | ११ | **गत वर्षको बढी अल्या** | ० | |
| ७ | **विभिन्न कोष तर्फको आय** | | | १२ | **जनश्रमदान मौज्दात** | | |
| ८ | **जनसहभागिता नगद** | | | १३ | **धरौटी मौज्दात** | २८०७०६८ | २८०७०६८ |
| ९ | **विषयगत निकायबाट प्राप्त** | | | १४ | **कोष खाताको मौज्दात** | ० | ० |
| १० | **धरौटी आय** | ४३८६१५२ | ४३८६१५२ | | | | |
| | जम्मा | ५४२९९८३३६ | ५४२९९८३३६ | | जम्मा | ५४२९९८३३६ | ५४२९९८३३६ |

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

**कार्यालयको नामः सिमकोट गाँउपालिका, हुम्ला ।** **आर्थिक वर्ष २०७७/०७८**

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | उल्लेखित कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता, विश्वव्यापी फैलिएको कोभिड १९ को बढ्दो संक्रमण जस्ता कारण सम्पूणर् आर्थिक कारोबारको कानूनी वैधता परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन् । भौगोलिक विकटता र सिमित समयको कारण गाँउपालिकाको केन्द्रमा लेखापरीक्षण गर्न नसकिएको कारण भएका कार्यहरुको स्थलगत निरीक्षण गर्न सकिएन । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्टिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाइं प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँ गमिति २०७८।६।२२ मा छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् । | | |
| | **लेखापरीक्षणको क्रममा देहाय अनुसार रु. १३९२८२७६।- असूल भई दाखिला भएको छ ।** | | |

| सि.नं. | विवरण | मिति | रकम |
|---|---|---|---|
| १ | वालमन्दिर देखि खोला सम्म सडक तथा ग्याबियन वाल निर्माणको बढी भुक्तानी असूल भई दाखिला भएको | २०७८।६।२० | २१७३५९२ |
| २ | मेलमुडी माथि ओखर रुम देखि तल्लो ओखररुख बढी भुक्तानी असूल भई दाखिला भएको | २०७८।६।२० | २०४६५१३ |
| ३ | सामाजिक सुरक्षा भत्ता वितरण नभई बैकबाट फिर्ता भएको | २०७८।६।२२ | ९७०८०९१ |
| | जम्मा | | १३९२८२७६ |



Scanned with CamScanner

| | वित्तीय विवरणको परीक्षणः | | |
|---|---|---|---|
| १. | **जिम्मेवारी फरकः** गाउपालिकाले तयार गरेको वित्तीय विवरण अनुसार गत आर्थिक वर्ष २०७६।७७ मा अन्तिम बैंक मदज्दात रु.२८१७२३.४८ रहेकोमा यस वर्ष २०७७।७८ को बैंक जिम्मेवार रु.४२३१०९१।- सारेको छ । गत वर्षको अन्तिम मौज्दात र यस वर्षको शुरु मौज्दात वीच रु.१४१६३६७.५२ फरक परेको देखिन्छ । गत वर्षका चालु खर्चका खातामा रहेको रकम स्थानीय संचितकोषमा दाखिला नगरेकोले फरक परेको देखियो । | | |
| २. | **बैंक हिसाव विवरणः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार गाउपालिकाको कारोवार , आय व्ययको लेदा प्रणाली तथा राजश्व र खर्च शीर्षको वर्गिकरण अनुसार राखु पर्ने व्यवस्था छ । गाउँपालिकाले म.ले.प. फाराम नं. २१२ तयार गरी बैंक हिसाव विवरण भिडेको देखिएन । पालिकाले म.ले.फा.नं २१२ तयार गरी असार मसान्तको बैंक विवरण र चेक साट्न बाँकी विवरण सहितको बैंक हिसाव मिलान तयार गर्नु पर्दछ । | | |
| ३. | **संघीय वित्तिय अनुदान फिर्ताः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ४५ अनुसार स्थानिय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्वन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसस्त्र अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्ष भित्र प्रदेश तथा स्थानीय तहले संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । तर गाउपालिकाले ससर्त अनुदान खर्च नभई बाँकी रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु. | ८६०००००।- | |
| ४. | **प्रदेश समपुरक अनुदान फिर्ताः** कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ को दफा ५,६,७ अनुसार ससर्त, समपुरक र विशेष अनुदानको व्यवस्था गरेको छ । वित्तीय हस्तान्तरणको रकम सोही आर्थिक वर्ष भित्र खर्च हुन नसकेमा प्रदेश संचित कोषमा फिर्ता गर्नु पर्दछ । गाउपालिकाले देहाय अनुसार को समपुरक अनुदान कार्यक्रममा गाउपालिकाको लागत सहभागिता नगराई प्रदेश सरकारको स्रोतबाट मात्र खर्च भएकोले खर्च भएको ५० प्रतिशत रकम कट्टा गरी बांकी रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रु. | ४१४३६५७।- | |

| गो.भौ.नं. र मिति | कार्यक्रमको नाम | भुक्तानी रकम | ५० प्रतिशत रकम |
|---|---|---|---|
| ३६४।२०७८।३।२९ | स्याडा सडक निर्माण कार्य | ४००६२४४ | २००३१२२ |
| ३६६।२०७८।३।२९ | धारा स्याडा सडक निर्माण | २६७७६५६ | १३३८८२८ |
| ३७१।२०७८।३।३० | टुलिङ धारापोरी सडक निर्माण | १६०३४१४ | ८०१७०७ |
| | जम्मा | ८२८७३१४ | ४१४३६५७ |

| | | | |
|---|---|---|---|
| ५. | **म्याद नाघेको पेश्कीको लगतः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ अनुसार विवरण अद्यावधिक गरि कुन काम वापत पेश्की दिएको हो सो समेत खुलाई अर्को आर्थिक वर्षको जिम्मेवारी सारी लेखापरीक्षण गर्ने निकायले फस्यौंट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखा प्रतिवेदनमा समावेश गर्नु पर्दछ । गत वर्ष पेश्की दिई यस वर्ष म्याद नाघेको पेश्की माथिल्लो साघुँ झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिको रु. २२३६५००। म्याद नाघेको पेश्कि बाँकी रहेको छ । पालिकाले गत आ व म्याद नाघेको माथिल्ला साँघु झोलुङ्गे पुल तर्फको पेश्की फस्यौर्ट नभएकोले उक्त पेश्की फस्यौर्ट हुनु पर्ने रु. | (२२३६५००।- | |
| ६. | **राजश्वः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५४ अनुसार पालिकाले आफ्नो अधिकार क्षेत्र भित्र कर लगाउन पाउने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष जम्मा रु.१००००००।- लक्ष्य राखेकोमा रु.१५५७९५६।- यथार्थमा १५५.७९ प्रतिशत आन्तरिक आय प्राप्त भएको छ । पालिकाले राजस्व आम्दानीको लक्ष्य नै कम राखी बजेट अनुमान गरेको देखियो । पालिकाले राजश्वको अनुमानको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता लेखापरीक्षणमा पेश गरेको छैन । राजश्व सम्वन्धि महालेखा परीक्षकवाट स्वीकृत (१०० लाइनका) फारामहरु प्रयोग गरी अभिलेख र प्रतिवेदन अद्यावधिक गरेको पाइएन । साथै विभिन्न शिर्षकमा वडाबाट संकलन भएको राजश्व स्थानीय संचित कोषमा दाखिला गरेको देखिएन । आन्तरिक आय र संकलित राजश्वको लेखा अद्यावधिक गरी लेखापरीक्षण गराउनु पर्दछ । | | |
| | **<u>योजना, मध्यकालिन खर्च संरचना र बजेट</u>** | | |
| ७. | **योजना वनाई कार्यान्वयन गर्ने–** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना वनाई लागू गर्नु पर्ने व्यवस्था छ । गाँउपालिकाले यस्तो योजना वनाएको देखिएन । योजनान वन्दा योजनावद्ध विकास निर्माणका कार्यहरु कार्यान्वयन नहुने देखिन्छ । तोकिएका योजनाहरु वनाई योजनावद्ध कार्यान्वयन गरिनु पर्दछ । | | |
| ८. | **बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफलगरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीयतह का प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने | | |

| | | | |
|---|---|---|---|
| | अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। मिति २०७७।३।१० गते रु. ४५ करोड ७९ लाखको बजेट सभा समक्ष पेश गरेकोमा ढीलो गरी मिति २०७७।३।१० मा पारित भएकोछ ।यसैगरी स्थानीय तहका प्रमुखले २०७७/४/१ मा प्रमुख प्रशासकीय अधिकृत लाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | | |
| ९. | **बजेट सीमा निर्धारण समिति** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१)बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्ग दर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिना भित्र सम्पन्न गरिसक्नु पर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गते भित्र पालिकाका विषय गत शाखा तथा वडा समिती लाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भए अनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यानजानु पर्दछ। | | |
| १०. | **कार्ययोजना नभएको–** स्थानीयतहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्त्रण सम्बन्धि निर्देशिका २०७४ को वुदा २.९ मा गाँउसभाबाट स्वीकृत बजेटको प्रभावकारी कार्यान्वयनको लागी समयसिमा सहितको कार्य योजना वनाई कार्य सम्पादन गर्नु पर्ने व्यवस्था छ । गाँउ सभाबाट स्वीकृत बजेट रु. ४५ करोड ७९ लाखको समय सीमा सहितको कार्ययोजना वनाएको देखिएन । स्वीकृत बजेटको समय सिमा सहतिको कार्ययोजना नवनाउदा बजेट कार्यान्वयन प्रभावकारी नहुन सक्दछ । स्वीकृत बजेट कार्यन्वयनलाई प्रभावकारी वनाउन समय सीमा सहितको कार्ययोजना वनाई बजेट कार्यान्वयन हुनु पर्दछ । | | |
| | **आन्तरिक नियन्त्रण प्रणाली:** | | |
| ११. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । | | |

Scanned with CamScanner

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका तर्जुमा नगरी कार्यक्रम संचालन गरेको देखियो ।
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ अनुसार सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको निरीक्षण गरी जिन्सी निरिक्षण प्रतिवेदन लिनुपर्नेमा पालिकाले जिन्सी निरीक्षण गरी प्रतिवेदन गरेको देखिएन ।
- भ्रमण खर्च नियमावली २०६४ को नियम ३ अनुसार अधिकार प्राप्त अधिकारीबाट भ्रमण आदेश स्विकृत गराई भ्रमण गर्नुपर्नेमा पालना गरेको देखिएन । नियम २१ अनुसार भ्रमण अभिलेख पालिकामा राखेको देखिएन ।
- भ्रमण खर्च नियावली, २०६४ को नियम १८ अनुसार भ्रमण समाप्त भएपछि दैनिक भत्ता तथा भ्रमण खर्चका विल भरी भ्रमण प्रतिवेदन पेश गर्नु पर्नेमा पालिकाले अनुगमन मूल्यांकन तथा भ्रमण खर्चमा प्रतिवेदन लिने गरेको देखिएन ।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | • कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता गरेको पाइएन।<br>• सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिकपरीक्षण लाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश पालना भएको पाईएन ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा. १४ अनुसार नागरिक वडा पत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• पेश्की बाँकीको विवरण तयार नगरेको कारण गाँपिलकाले दिइएको पेश्की यकिन गर्न सकिएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराए र मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेड समेत यकिन हुनसकेन। | | |

| | | | |
|---|---|---|---|
| | • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेखन गाउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | | |
| १२. | **आय व्यय विवरण सार्वजनिक नगरेको —** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (४) मा कार्यलयले आफ्नो आयव्ययको विवरण प्रत्येक महिनाको ७ गते भित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मासिक आय र व्ययको यथार्थ एकीन गर्ने कार्यमा असर पर्नुको साथै पारदर्शिता नहुने देखिन्छ । आय र व्ययको मासिक विवरण तयार गरी प्रत्येक महिनाको सात गते भित्र सार्वजनिक हुनु पर्दछ । | | |
| १३. | **विवरण सार्वजनिक नगरेको:—** स्थानीयतहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को बुदा २.१० मा स्थानीय तहबाट गरिने निर्माण कार्य स्थलमा सो काम संग सम्बिन्धित विवरणहरु आयोजनाको नाम, लागत, कार्य शुरु भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भएपछि हुने अपेक्षित परिमाण वा उपलब्धि देखिने गरी काम सम्पन्न नभए सम्म सर्वसाधारणले देख्ने सक्ने गरी सार्वजनिक गर्नु पर्ने व्यवस्था छ । स्थानीयले गरेका निर्माणकार्यहरुको योजनागत अभिलेख कार्यालयमा नरहेको र निर्माण कार्यास्थलमा योजनाको विवरण रहेको खर्च एवं अन्य कुनै विवरणबाट देखिएन । निर्माण कार्यस्थलमा विवरण नरहदा योजना एवं निर्माण कार्यको सर्वसाधारणलाई यथार्थ जानकारी नहुने देखिन्छ । प्रत्येक निर्माण कार्यको निर्माण स्थलमा सर्वसाधारणले देख्न सक्ने गरी योजनाको विवरण राखिनु पर्दछ । | | |

| | | |
|---|---|---|
| १४. | **अभिलेख अद्यावधिकः** स्थानिय सरकार संन्चालन ऐन, २०७४ को दफा ९७ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सम्पत्तीको अभिलेख अद्यावधिक गरी रेखदेख, मर्मत सम्भार र अन्यप्रवन्ध गर्नुपर्ने प्रावधान रहेको छ । कार्यालयले गाँउ सभावाट स्वीकृत भएका योजना तथा कार्न्यक्रम, संशोधित कार्यक्रम, संचालित र सम्पन्न भएका योजना तथा कार्यक्रम र अधुरा योजनाको अभिलेख अद्यावधिक गर्ने कार्य गरेको देखिन आएन । खर्च भुक्तानीको गौश्वरा भौचर र सोसंग संलग्न कागजातको आधारमा मात्र भुक्तानी दिने गरेको छ । जसले गर्दा कुन कार्यक्रम वा योजना गाँउसभावाट स्वीकृत वा संशोधन भएको हो वा होइन खुलाउन कठिनाई हुन जानुको साथै कुन काम कस्तो गुणस्तर र परिमाणमा सम्पन्न भयो वा हुन नसकी अधुरो रहन गएको छ , स्वीकृत मध्ये कुन — कुनकार्य भए र कुन कुन कार्य हुन सकेन र गाँउसभावाट स्वीकृत नभएका कार्यक्रम संचालन गरिए वा नगरिएको सम्वन्धमा यकिन हुन सकेन । यस सम्वन्धमा आवश्यक छानविन गरी यथार्थता यकिन गरिनु पर्दछ । | |
| १५. | **प्रशासकीय संगठन र जनशक्ती व्यवस्थापन—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्य बोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ।पालिकामा ४३ दरबन्दी स्वीकृत रहेकोमा १२ पद स्थायी पूर्ति रहेको र ३२ रिक्त पदमा करार सेवाबाट कार्य संचालन गर्दै आएको छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवाप्रवाह तथा पालिकाको समग्र कार्यसम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ । | |
| १६. | **वडा सचिवको** पदपूर्तिः गाँउपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको ८ जनाको दरबन्दी रहेकोमा ८ जना नै करार सेवाबाट नियुक्ति गरि सेवा प्रवाह संचालन गरेको देखियो । रिक्त दरबन्दीको पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ। | |
| १७. | **स्थानीय तह आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानियतहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । गाउपालिकाले कानूनको उक्त व्ववस्था बमोजिम आफ्नो आय र व्यय हिसावको आन्तरिक लेखापरण गराउनु पर्नेमा | |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | अनुदान, राजस्व बाँडफाँड र वित्तिय समानिकिरण अनुदान तर्फ लेखापरीक्षण गराएको देखिएन । यसबाट आन्तरिक नियन्त्रणमा असर पर्नसक्ने हुदा सम्वन्धित निकाय तथा पदाधिकारीले ध्यान दिई सुधार गर्नुपर्ने देखिन्छ । | | |
| १८. | **वित्तिय हस्तान्तरणको आन्तरिक लेखा परीक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ८४ ५ अनुसार अन्तर सरकारी अख्तियारी अन्तर्गत भएको निकासा खर्चको आन्तरिक लेखापरीक्षण सम्वन्धित अख्तियारी दिन निकायले गर्ने व्यवस्था छ । संघीय अन्तर सरकारी वित्त हस्तान्तरण गर्ने कोष तथा लेखा नियन्त्रण कार्यालय हुम्लाले आन्तरिक लेखापरीक्षण गरेको देखिएन । त्यसैगरी प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयले प्रदेश वित्त हस्तान्तरण अन्तरगर्त त्रैमासिक लेखापरीक्षण नगरी वार्षिक रुपमा लेखापरीक्षण गरी प्रतिवेदन समेत गरेको छ । उक्त प्रतिवेदन यस प्रतिवेदनमा समावेश छ । वित्तीय हस्तान्तरणको लेखापरीक्षण प्रदेश तथा संघीय कोष तथा लेखा नियन्त्रण कार्यालयले समयमा गरी प्रतिवेदन जारी गरी वित्तीय अनुशासन कायम गर्न जोड दिनु पर्दछ । | | |
| १९. | **बार्षिक खरिद योजना र गुरुयोजनाः** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिकखरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक१० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१६ करोड ६९ लाख पूँजीगत खर्च गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतःगाँउपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ। | | |
| २०. | **लागत सहभागिता**-पालिकाले आयोजना र कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता बापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतःनगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ। | | |
| २१. | **विद्युतिय लेखाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोबार को लेखा राखु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई गाँउपालिकाले प्रयोग गरी लेखा राखुपर्ने व्यवस्था छ । | | |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | गाँउपालिकाले शुत्र सफ्टवयरको आँशिक प्रयोग गरी लेखा राखेको छ । यस तर्फ तत्काल सुधार गरी पूर्ण रुपमा शुत्रको कार्यान्वयन गरिनु पर्दछ । | | |
| २२. | **सार्वजनिक परिक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीयतहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अन्र्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले सार्वजनिक सुनुवाई गरी सेवा प्रवाहमा सुधार गरेको छैन । | | |
| २३. | **सम्पत्ती र जिन्सी व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ (१) अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ती तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी कितावमा ७ दिन भित्र आम्दानी वाधी लगत अद्यावधिक गर्नु, गरानु पर्ने व्यवस्था छ । गाउँपालिकाले विभिन्न शिर्षकमा जिन्सी तथा सम्पत्ती खरिद गर्दा आम्दानी वाँधि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा अद्यावधिक गर्नुपर्दछ । | | |
| २४. | **प्रगति विवरण—** स्थानीय सरकारका सञ्चालन ऐन २०७४ को दफा७६ (३) मा गाँउपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति विवरण १५ दिन भित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था छ । चौमासिक प्रगति विवरण तयार भएको देखिएन । प्रगति विवरण तयार नगरेबाट भए गरेको खर्चको यथार्थ विवरण को जानकारी नहुने देखिन्छ । गाँउपालिकाले यो वर्ष २३२ योजनाहरु संचालन गरेकोमा कानूनमा व्यवस्था भएअनुसार तोकिएको समयमा प्रगति विवरण तयारी गरी पेश हुनु पर्दछ । | | |
| | **परिपालनाको लेखापरीक्षण** | | |
| २५. | ३६०।०७८।३।२७ **जग्गा खरिद** — सरकारी सम्पत्ती तथा वित्तीय हस्तान्तरण ऐन, २०७५ अनुसार सरकारी रकमबाट व्यक्ति तथा संस्थाको नाममा जग्गा खरिद गर्ने कानूनी व्यवस्था भएको देखिदैन । पालिकाले भूमिहिन व्यक्तिहरुको लागि वरगाउ दलित कृषक समूहको नाममा २ कित्ता जमिन ४५४७ व.मी. को रु.८०००००।— भुक्तानी खर्च लेखेकोमा भुक्तानी गरेकोमा उक्त जग्गाको उपयोग हुनु पर्दछ। | | |
| २६. | **पारिश्रमिक आयकर** — आयकर ऐन, २०५८ को दफा २२ (२) प्राकृतिक व्यक्तिले निजको रोजगारी तथा लगानीबाट प्राप्त हुने आयको गणना गर्दा कर प्रयोजनको लागि नगद आधारमा लेखाङ्कन गर्नु र भुक्तानी प्राप्त गर्दा | | |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | वा निजलाई सो भुक्तानी उपलब्ध हुँदाका अवस्थामा मात्र निजको आयको गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नु पर्ने व्यवस्था छ । गाउपालिका उपाध्यक्ष श्री वलि रावत को गत वर्षको बाँकी रु.७६२०००।- र यो वर्षको रु.२४००००।-समेत जम्मा आय रु.१००२०००।- मा दम्पत्ती छुट गर्न मिल्ने रु.४५००००।- घटाई हुन आउने रकम रु.५५२०००।- मा पहिलो रु.१०००००। मा १० प्रतिशतले रु.१००००। त्यस पछिको रु.२०००००। मा रु.४००००। र त्यसपछिको बाँकी रु.२५२०००। मा ३० प्रतिशत ले रु.७५६००। समेत रु.१२५६००।-मा रु.२३६७०। मात्र आयकर कट्टा गरेको देखियो । नपुग कर रु.१०१९३०।- दाखिला गर्नुपर्ने रु. | १०१९३०।- | |
| | **पुजिगत तर्फः** | | |
| २७. | २३०।०७८।३।२४ - टुलिङ खानेपानी योजना वडा नं.७ लाई ६३ मी.मी ३ के.जी. पाइप परिमाण १८८.७० को दर रु.६१७.१५ ले रु.११६४३६। भुक्तानी गरेकोमा खरिद गरेको विल संलग्न नराखी भुक्तानी गरेको असूल गर्नुपर्ने रु. | ११६४३६।- | |
| २८. | **वीमा** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा वढिको निर्माण कार्य गर्न निर्माण व्यवसायीले निर्माण सामाग्री लगायतको वीमा गर्नुपर्ने व्यवस्था ५ । गाउपालिकाको निम्न अनुसार कार्यहरुको निर्माण व्यवसायीहरु मार्फत गराएकोमा विमा गरेको देखिएन । वि.ओ.क्यु. मा नै वीमा वापतको रकम नराखी निर्माण कार्य गराएको देखियो । विमा नगर्दा निर्माण कार्यको अवधिमा हुन सक्ने संभावित दुर्घटनाको जोखिम हुन सक्ने देखिएन । संभावित दुर्घटनाको लागि जोखिम कम गर्न वीमाको व्यवसायलाई कार्यान्वयनमा ल्याउनु पर्दछ । | | |

| काम | निर्माण व्यवसायीको नाम | सम्झौता रकम |
|---|---|---|
| खगडा सडक | सौरभ कन्ट्रक्सन | ८०२१६४३ |
| धारापरी स्याडा सडक | विहवा निर्माण तथा ढुवानी सेवा | ५२४०८९६ . |
| टुलिङ देखि ठेही दोजाम ग्रामिण सडक धारापरी सम्म | न्यु तातोपानी कन्ट्रक्सन एण्ड सप्लायर्स | ३२०६८२८ |



Scanned with CamScanner

२९. **मेसिन प्रयोगको विलः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्नेछ । गाउपालिकाले देहाय अनुसार उपभोक्ता समितिबाट काम गराउँदा मेशिनको प्रयोग गरि लागत अनुमान तयार गरी निर्माण सेवालाई कार्य सम्पन्न अनुसार भुक्तानी गरेको छ । दर्तावाला फर्मले रितपूर्वकको कर विजक जारी गरेको देखिएन । कर विजक जारी नगर्दा मूल्यअभिवृद्धि कर चुहावट हुने हुदा कर विजक जारी गर्नुपर्ने रु. १५७५०००।-

| गो भौ न मिति | कामको विवरण | निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|
| २८५।०७८। ३।२२ | बुराउसे देखि लडेदह सम्म सडक निर्माण वडा नं ४ उ. स. | श्रेशा कन्ट्रक्सन प्रा लि डोजर ना १ ७६४३ | ९००००० |
| ३४३।०७८।३।२३ | मल्की खोला देखी दोजाम सम्म | संभावना निर्माण सेवा वा २ क ९८४७ | ६७५००० |
| जम्मा | | | १५७५००० |

**प्रदेश सरकारबाट प्राप्त अनुदान**

३०. **मुख्यमन्त्री रोजगार कार्यक्रमः** मुख्यमन्त्री रोजगार कार्यक्रम, कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ४ अनुसार छनौट गरिएका आयोजनाहरु दफा ६ अनुसार कार्यान्वयन गरी दफा ९ देखि १२ अनुसार विभिन्न तहमा कार्यक्रमको अनुगमन गरी भुक्तानीलाई अनगमन प्रतिवेदनसँग आवद्ध गरी नियमित प्रतिवेदन गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकामा यस विभिन्न आयोजनाको लागि यस वर्ष रु. २९९१६०००।- बजेट विनियोजन भई रु.२८२७१७३३।- खर्च भएको छ । कार्यविधि अनुसार कार्यक्रमको छनौट, कार्यान्वयन, अनुगमन प्रतिवेदन भएको देखिएन । समान उद्देश्य भएका प्रधानमन्त्री रोजागार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रम एक आपसमा आवद्ध गरी रोजगार तथा कोभिड १९ का कारणबाट रोजगारी गुमाएका विदेशमा रोजगारी गुमाएका वा स्वदेशमा केहीं गर्ने अभिलाषा भएका युवालाई रोजगारी दिई रोजगारी, आयआर्जन तथा आधारभुत क्रियाकलापहरु संलग्न गराई युवाको सीप, उद्यमशिलता, नविनता र सिर्जनशिलताको उपयोग गर्न कार्यक्रम आवश्यकताको आधारमा प्रदेश र स्थानीय तह बीच दोहोरो नुहने गरी छनौट, कार्यान्वयन गरी तीन तह बीच अनुगमन र प्रतिवेदन प्रणालीलाई स्वचालित र प्रविधिमैत्री बनाउनु पर्दछ ।



Scanned with CamScanner

३१. **वढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिले गरेको कामको प्राविधिक मूल्यांकन गरी उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । वरगाँउ जग्गा घेरावार लागत प्राविधिक मूल्यांकन भन्दा वढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु. ७१९८३।-

३२. **नर्म्स भन्दा बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिले गर्ने कामको लागत अनुमान तयार गरी उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । देहायका उपभोक्ता समितिहरुको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स भन्दा बढी हुनेगरी लागत अनुमान तयार गर देखियो । नर्म्स भन्दा बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु. ५३३८४२।-

| गो.भौ.नं.र मिति | योजनाको नाम | कामको विवरण | नर्म्स अनुसारको दर | भुक्तानी दर | फरक दर रु. | परिमाण | वढी भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १०।०७८।३।२७ | वालमन्दिर देखि खोला सम्म सडक तथा ग्यावियन वाल निर्माण | माटो पुर्ने कार्य | २४४.६२ | २०२४.६३ | १७८० | ११४.०६ | २००७४५ |
| ९।०७८।३।२७ | मेलमुडी माथि ओखर रुम देखि तल्लो ओखररुख | माटो पुर्ने कार्य | २४४.६२ | २०२४.६३ | १७८० | १८९.२६ | ३३३०९७ |
| | जम्मा | | | | | | ५३३८४२ |

## प्रधानमन्त्री रोजगार कार्यक्रम

३३. १३६।०७८।३।२० प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यविधि निर्देशिका अनुसार घेराबार लाभग्राहिले पाउने रकम सम्वन्धितत्को व्यक्तिगत खातामानै भुक्तानि गर्नुपर्दछ । तर पान्तापुङ चौकामफाया गोरेटोवाटो निर्माण गरे वापत रु ११८९११०। भुक्तानी गरेको देखियो । सो रकम लाभग्राहीको खातामा जम्मा नगरी उपभोक्ता समितिको खातामा जम्मा गरेकोले । व्यक्तिगत खातामा नपठाई समितिको खातामा दाखिला भएको हुदा उक्त रकम लाभग्राहिको खातामा जम्मा भएको नदेखिएको रु. ११८९१००।-

३४. ८१।०७८।३।२८ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वैजीवडा वुनारी जग्गा घेराबारको लागि रु ११३७४००। भुक्तानी गरेको देखियो । उक्त कार्यको भुक्तानी दिदा वडा सचिवले घेरावार कार्य सम्पन्न नभएको भनि खाता रोक्का राख्न सिफारिस गरेकोमा कार्य सम्पन्न भएको भनि भुक्तानी दिएको देखियो । यसरि सिफारिसमा ११३७४००।-



Scanned with CamScanner

कार्य सम्पन्न नभएको उल्लेख भए पनि भुक्तानी दिएकोले वास्तविक कार्य सम्पन्न भयो भनि यकिन गर्न सक्ने आधार नदेखिएको रु.

**३५.** ७६।०७८।३।२८ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि २०७७ को अनुसूची १ मा श्रममूलक काममा खर्च हुने हिस्सा र अन्य लागत मा लघु जलविद्यत वाहेक अन्यमा ३० प्रतिशत भन्दा वढी अन्य हिस्सा हुन नहुने उल्लेख छ । तर कार्यक्रम विपरित देहायका यिजनामा रु भुक्तानी गर्दा उपभोक्ता श्रमको अंश रु ५४७९२९६। कम भुक्तानी दिएको छ । यसरी कार्यमा विपरित खर्च भएको रकम रु नियमित नदेखिएको रु — ५४७९२९६।-

| कार्यक्रम | लाभग्राहि खातामा जानुपर्ने | गएको | लाभग्राहीकव खातामा गएको कम रकम |
|---|---|---|---|
| सामुदायीक भवन घेराबार | १७५००००। | १५०००००। | २५०००० |
| सामुदायीक भवन घेराबार | ७०००००। | ४५००००। | २५०००० |
| पिचरा कृषि सडक | १७०९०००। | ० | ११९६००० |
| खोला धार देखी वोहोरा धारा ग्राविल | २७६४०००। | ० | २७०८९०० |
| जम्मा | | | ५४७९२९६। |

**३६.** ६४।०७८।३।२७ सैपल हिमाल मा वि भवन घेरावार कार्यको लागि रु २४७५०००। भुक्तानी गरेको देखियो । सो रकम भुक्तानी गर्दा सामानको मुख्य वाहेक अन्य भुक्तानी लाभग्राहिको खातामा जम्मा हुनुपर्नेमा कोभिडको कारण खाता खोल्न नसकेको अवस्थामा मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७ अनुसार वैक खाता खोल्न नसकेमा लाभग्राहिलाई वुझाई सो को प्रमाण संलग्न गरि राख्नुपर्नेमा सो रकम वुझाएको नदेखिएको रु — २४७५०००।-

**३७.** ५४। ०७७।९।१५ - उपभोक्ता समितिलाई वढी भुक्तानी - आधारभुत स्वास्थ्य चौकी निर्माण गर्न गाउ पालिकाबाट रु. ३२०२०८६। र जनसहभागिताबाट रु.४४५५५८। समेत रु.३६४८३५०। लागत अनुमान तयार गरी उक्त काम रु.३७२६६९३। भएकोमा गाउपालिका बाट रु.३२०२०८६। भुक्तानी गर्नु पर्नेमा रु.३२८७२६८। भुक्तानी भएकोले वढी भुक्तानी भएको रु. — ८५१८२।-

**३८.** ६६।०७८।३।१७ -सम्झौता अनुसार लागत सहभागिताको आधारमा विल भुक्तानी हुनु पर्दछ । हिलुम छहरि देखि स्याम्ले विद्यालय सम्म सडक निर्माण कार्य गर्ने कार्यको लागि उपभोक्ता समितिलाई रु १२८३२३२। भुक्तानी गरेको छ । सो सडकको कूल कार्य रु ३६५६०००। मध्ये अन्तिम विल वमोजिम रु २३३६२०। — २००४००।-

मात्र भुक्तानी दिनु पर्नेमा रु २५३६६०८। भुक्तानी दिएकोले रु. २००४००। बढि भुक्तानी दिएकोले बढि भुक्तानी रकम असूल गर्नुपर्ने रु.

३९. **आयोजनाको विस्तृत सर्वेक्षण-** आयोजनाको विस्तृत सर्वेक्षण गराउदा निश्चित आधारमा लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक रुपमा कार्य गराउनु पर्दछ । गाउपालिकाले यो वर्ष देहाय वमोजिम आयोजनाहरुको विस्तृत सर्वेक्षण एउटै कार्य एउटै फर्मबाट गराएको छ । यसबाट आयोजनाको विस्तृत सर्वेक्षण कार्य मितव्ययी तथा प्रतिस्पर्धात्मक रुपमा भयो भन्न सक्ने अवस्था देखिएन ।

| गो.भौ.नं. मिति | सर्वे अध्ययन कार्य | परामर्श दाता | लागत | भुक्तानी |
|---|---|---|---|---|
| १६।०७७।७।५ | गा.पा.को प्रोजेक्ट रिपोर्ट तयार गर्ने | हेल्पफुल इन्जिनियरिङ कन्सल्टेन्सी | ११३०००० | १११८७०० |
| १९।०७७।६।३० | लदेदद दुधे दह ग्रामिण सडक सर्वे | | ४९८३३४ | ४९४९४० |
| १३४।०७८।२।१० | वरगाउ देखि ठेहे सम्म ग्रामिण सडक डबल कटिङ सर्भिस डि.पि.आर. | | ५००००० | ४९४४२० |
| १३४।०७८।२।१० | चौका धारा देखि डाँडा फाय खोला मोटर वाटो ड.प.आर | | ४९९४३४ | ४३७५४० |

४०. **साना योजनाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ अनुसार आयोजनाहरुको दिगोपना हुनेगरी छनौट गरी वजेटमा समावेश गर्नु पर्दछ । गाउपालिकाले आयोजना दिगोपनामा जोड नदिई स-साना परिमाण वनाई खर्च गरेको तथा वितरणमुखी कार्यक्रममा केन्द्रित गरेको देखियो । पालिकाले प्रत्येक योजनाहरुको विस्तृत आयोजना सर्वेक्षण गरी आयोजना वैकमा प्रवृष्टि गरी बजेट विनियोजन गरी दिगोपनामा जोड दिनु पर्दछ । स-साना आयोजनाहरुको उदाहरणहरु देहाय अनुसार छन् ।

| गो.भौ. नं र. मिति | योजनाको नाम र स्थान | रकम |
|---|---|---|
| ९।०७७।६।१२ | खानेपानी निर्माण वडा नं.५ उ.स. | १९०००० |
| १४।०७७।६।२५ | मानधारा वाटो निर्माण वडा नं.५ उ.स | १९०००० |
| ६७।०७७।९।२८ | पाङ्गु कालीगुरा मन्दिर निर्माण वडा नं.८ उ.स | १९०००० |
| ९०।०७७।११।७ | घेरावार वडा नं.८ उ.स | १९०००० |
| १०३।०७७।१२।१० | मष्टामाण्डु निर्माण मन्दिर उ.स | १९०००० |
| १३०।०७८।२।१० | उदी डुरुका स्याउ फर्म घेराबार वडा नं.२ | १९०००० |
| १३८।०७८।२।१९ | कूयामको घर देखि भेटनरी धारा ढल निर्माण वडा नं. ५उ.स. | १४१७४४ |



Scanned with CamScanner

| | | |
|---|---|---|
| १८९।०७८।३।३ | घण्टापाल मन्दिर वाल र ग्यावयन वडा नं.६ उ.स | ९५००० |
| १९७।०७८।३।४ | काभ्रे सामुदायिक सहकारी मिल मर्मत वडा नं.३ उ.स. | १४२००० |
| २०२।०७८।३।६ | जुर्क प्रतिक्षालय निर्माण वडा नं.१ उ.स. | ४७५०० |
| २०४।०७८।३।६ | ढक लापराङ गुम्बा निर्माण वडा नं.२ उ.स. | ४७५०० |
| २१८।०७८।३।११ | खनेपानी निर्माण वडा नं.२ उ.स | १४०२१० |
| १०३।०७७।१२।१० | मष्टामाण्डौ निर्माण वडा नं. ८ उ.स | २८५००० |
| १५३।०७८।२।२० | काला शिल्पता धवमाण्डौ निर्माण वडा नं.६ उ.स | २९६४०० |
| १७१।०७८।२।२० | वडा नं.३ उ.स | १४६००० |
| १८५।०७८।३।३ | वाडपाल माण्डु निर्माण वडा नं. ७ उ.स | २८५००० |
| १८९।०७८।३।३ | घण्टापाल मन्दिर वडा नं.६ उ.स | १९०००० |
| २००।७८।३।३ | घण्टापाल घर माण्डु वडा नं. ६ उ.स | २९६४०० |
| २३२।०७८।३।१४ | दलित वस्ती लामा माण्डु वडा नं.३ | १३५५०० |
| २४९।०७८।३।२० | हिलढुंगा देवी मन्दिर मर्मत वडा नं.४ | ९५००० |
| २७३।०७८।३।२१ | डाडग्रि पट्टी काला शिल्पा घरमाण्डु वडा नं.ट | २९६४०० |
| २८३।०७८।३।२२ | सुन्ने माण्डु निर्माण वडा नं.७ | १४२००० |
| २९१।०७८।३।२२ | मनपाल माण्डु निर्माण वडा नं.ड | १३७५०० |
| ३०७।०७८।३।२३ | उदि माण्डु निर्माण वडा नं.१ उ.स | १९०००० |
| ३१५।०७८।३।२३ | फुङ्ढुक कर्म माण्डु निर्माण वडा नं. ३ उ.स | ९५००० |
| ३२१।०७८।३।२३ | गुराघर माण्डु निर्माण वडा नं.५ | १८९७५० |

**गाउपालिका चालु तर्फ**

४१. **महंगी भत्ता** - सामान्य प्रशासन मन्त्रालय परिपत्र २०७५ अनुसार करारका कर्मचारीलाई महंगी भत्ता तथा सथानीय भत्ता दिन मिल्ने कानूनि आधार देखिदैन । पालिकाले यो वर्ष देहायका कर्मचारीहरुलाई महंगी तथा स्थानीय भत्ता खर्च लखेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

Scanned with CamScanner

| कर्मचारीको नाम | महंगी भत्ता | स्थानीय भत्ता | जम्मा |
|---|---|---|---|
| ई. सरोज भण्डारी | २४००० | १६७७२० | १९२७२० |
| ओभरसियर भिम वहादुर रोकाय | २४००० | ११०२८० | १३४२८० |
| का.अ. जीवन शाही | २४००० | ११०२८० | १३४२८० |
| स.ओ.सि. उपेन्द्र लामा | २४००० | ९२२८० | ११६२८० |
| ,, धर्मजित बोहरा | २४००० | ९२२८० | ११६२८० |
| ,, पाल्दम सुनार | २४००० | ९२२८० | ११६२८० |
| जम्मा | १२०००० | ६६५१२० | ७६५१२० |

| | | | |
|---|---|---|---|
| ४२. | **विलभरपाई नभएको भुक्तानीः** ३८८।०७८।३।३० - आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले एस एम डि आई तालिम दिनको लागि स्रोत व्यक्तिलाई वोलाइएको तर मौसमको कारणले ३ जना नेपालगञ्जवाट आउन नसकी नेपालगञ्ज नै वस्नु परेको र काठमाण्डौ फर्कन परेको भनी मुना कार्किलाई प्लेन भाडा र होटल खर्च वापत रु ५००००। भुक्तानी गरेको देखियो । यसरी तालिममा सरिक नभएको अवस्थामा होटल तथा प्लेन भाडा लेखेको रकम असूल गर्नुपर्ने रु. | ५००००।- | |
| ४३. | **करारका शिक्षकः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार स्थानीय तहको शिक्षा सम्वन्धी कामहरुको व्यवस्था गरेको छ । गाउपालिकाले विभिन्न विद्यालयहरुमा शिक्षा समन्वय इकाईमा रहेको अभिलेख भन्दा वढि हुनेगरी स्थानीय शिक्षा ऐन तर्जुमा लागु नगरी करारमा शिक्षक राखी रु. ८६१०३३०।- खर्च लेखेको छ । यस्तो किसिमबाट खर्च नलेखी स्थानीय शिक्षा ऐन तर्जुमा गराएर मात्र खर्च गर्नु पर्दछ । साथै गाउपालिको वजेटबाट समेत विनियोजन गरेको निर्णय गरेको देखिएन । | | |
| | **संघीय ससर्त** | | |
| ४४. | सुनौला हजार दिनका आमाहरुको लागि पोषणयुक्त खानेकुरा हस्तान्तरण गर्ने कार्यक्रम अन्तर्गत यस कार्यालयका हे.अ. सुरवीर शाहीले भिष्म जेनरल स्टोर्स एण्ड सप्लायर्स सुर्खेतमा ५०० ग्रामका २४० वट्टा हर्लिक्स खरिद गरेर सिमकोट सम्म ल्याउदा ढुवानी वापत प्रति केजी रु.१२०। का दरले १२० केजी को १४४००। हुनुपर्नेमा ३०० केजी १२०। का दरले ३६०००। वढी भुक्तानी भएकोले असूल गर्नुपर्ने रु. | २१६००।- | |

| | | |
|---|---|---|
| ४५. | १९६। २०७८।३।३१ - **कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानः** शिक्षा मन्त्रालयको कार्ययोजना कार्यान्वयन पुस्तिका २०७७।७८ को ९.१ अनुसार माध्यमिक विद्यालयलाई पुस्तकालय स्थापना तथा व्यवस्थापन ( फिक्सिङ, किताव खरिद तथा ई.पुस्तकालय) को लागि प्रति विद्यालय वार्षिक रु.६५००००। कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने व्यवस्था छ । विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता वापत सिमकोट गाउपालिका रामदेव मा.वि. लाई रु.६५००००। भुक्तानी भएको देखिन्छ । विज्ञान प्रयोगशाला निर्माण र सामाग्री खरिद गरिएको भनिएता पनि रु.३९९१०४।- (भ्याट सहित) युरिका इन्टरनेशनल इन्टरप्राइजेज को विल संलग्न नभएकोले उक्त फर्मको विल पेश गर्नुपर्ने अन्यथा विल भरपाई नभएको रकम असूल गर्नुपर्ने रु. | ३९९१०४।- |
| ४६. | **९७।०७८।३।३०** - शिक्षा मन्त्रालयको कार्ययोजना कार्यान्वयन पुस्तिका २०७७।७८ अनुसार विशेष विद्यालय आवाशिय स्तरवृद्धि योजनाको लागि अनुदान दिने व्यवस्था छ । विशेष विद्यालय आवाशिय स्तरवृद्धि योजना अन्तर्गत हिमाली वौद्धिक अपाङ्गता माध्यामिक विद्यालयलाई सिमकोट गा.पा.बाट रु.९०३०००। भुक्तानी भएको छ । वसाई ट्रेडिङमा (३०४५४३४०९) बाट मिति २०७८।३।१९ मा कपडा, तन्ना, डसना रु.१८००००। भ्याट सहित खरिद भएकोमा आई.आर.डि. मा ३ वटा फर्मको भ्याट नं.स्क्यान गर्दा राकौर जनलर स्टोर भ्याट (३०४५४३४०९) को भ्याट प्रयोग भएको देखिएकाले वसाई ट्रेडिङ भ्याट रकम रु.२००००। असूल हुनुपर्ने रु. | २००००।- |
| ४७. | **१६४।२०७८।३।३० वढी भुक्तानीः** कामदारले पाउने दैनिक पारिश्रमिक दर जिल्लाले तोकेको दररेट वमोजिम हुनु पर्दछ । हुम्ला जिल्लाले तोकेको दररेट अनुसार दश कामदारको दैनिक ज्याला दर रु.१६२०। र अदक्ष कामदारको दैनिक ज्याला दर रु.९५०। रहेकोमा शैपाल मा.वि.को पुस्तकालय निर्माण गर्दा उपलव्ध गराएको दैनिक ज्याला दर नर्मस भन्दा वढि भएको रकम असूल गर्नुपर्ने रु. | ४४४००।- |

Scanned with CamScanner

| नाम | दिन | पाएको दर पाउने दर | पाउने दर | वढी पाएको |
|---|---|---|---|---|
| हिर व. वुढा (दक्ष) | १५ | २५०० | १६२० | १३२०० |
| मतर सिं वुढा (दक्ष) | १५ | २५०० | १६२० | १३२०० |
| पैल वुढा (अदक्ष) | १५ | १६०० | ६५० | ९७५० |
| विकास वढा(अदक्ष) | १५ | १५०० | ९५० | ८२५० |
| **जम्मा** | | | | **४४४००** |

**राजश्वतर्फ**

४८. **आन्तरिक आय-** गाउपालिकाको समग्र विकासको लागि आन्तरिक प्राप्ती र परिचालनमा जोड दिन पर्दछ । गाउपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७७।७८ मा रु.१९९३९८१।४८ आन्तरिक आय प्राप्त गरेकोमा सम्पूर्ण आय भैपरी आउने कार्क्रममा खर्च गरेको देखिन्छ । गाउपालिकाको समर्ग वजेटमा आन्तरिक आयको हिस्सा वढाउन आयको स्रोतको पहिचान गरी आय बढाउन तर्फ ध्यान दिनु पर्दछ ।

४९. **आन्तरिक आय दाखिला नगरेको-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६९ (३) अनुसार स्थानीय सरकारलाई प्राप्त हुने राजश्व गाउपालिकाका निम्न कर्मचारीहरुले निम्न अनुसार असुल गरेकोमा लेखापरीक्षण अवधिसम्म वैक दाखिला नगरेकोले दाखिला गर्नुपर्ने देखिएको रु. २००७०४।-

| व्यक्तिको नाम र पद | वडा नं. | राजश्व असुली | दाखिला | दाखिला गर्न बाँकी |
|---|---|---|---|---|
| प्रा.स.लोकेन्द्र रावत | ६ | १७४७११ | १६३०५८ | ११६५३ |
| प्रा.स.धनसिंह शाही | ७ | ८७५२१ | ६४००० | २३५२१ |
| धिरिङ सप्ताड लामा | वडा नं.१ | १६४४५० | - | १६४४५० |
| तिर्थराज वोहोरा | २ | २२७३० | २१६५० | १०८० |
| | | जम्मा | | २००७०४ |

५०. १०।०७८।२।४ **धरौटीः** धरौटी फिर्ता गर्दा कर चुक्ता गरेको प्रमाणपत्र तथा कर समायोजन गरेको प्रमाणपत्रको आधारमा मात्र फिर्ता गर्नु पर्ने व्यवस्था छ । पालिकाले कभर्ड हल निर्माण गर्दा च्याम्पा निर्माण एण्ड अर्डर प्रा.लि. लाई रु.४००६६५।- धरौटी फिर्ता खर्च लेखेकोमा कर समायोजन गरेको प्रमाणपत्र वेगर खर्च लेखेकोले कर समायोजन पत्र पेश गर्नु पर्ने रु. ४००६६५।-

५१. **अनुगमन तथा मूल्याङ्कनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजु रकम(रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| ४५३७६४२६.७३ | ८४४०४१४.३३ | ३६९३६०१२.४ |

५२. **अद्यावधिक बेरुजु स्थिति :** गाउँपालिकाको आर्थिक वर्ष २०७७।७८ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ

| गतवर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C) | यो वर्षको सं प.बाटकायम बेरुजु रु. (D) | यो वर्षको कायम बेरुजु रु. (E) | बाँकी (F= C+D+E) |
|---|---|---|---|
| ३६९३६०१२.४ | - | २९०८२१९७।- | ६६०१८२०९.४ |

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनु पर्दछ।

५३. **सम्परीक्षणः** गाउपालीकाको बाँकी बेरुजु मध्ये रु. ८४४०४१४.३३।- सम्परीक्षण डोर समक्ष अनुरोध पत्र पेश गरेकोमा फस्यौर्टको व्यहोरा मनासिव देखिएकोले देहायको रु.८४४०४१४.३३ वेरुजु सम्परीक्षण गरिएको छ । लगत कट्टाको जानाकारी पछि गराइने छ ।

| सि.नं. | आ.व | दफा | सम्परीक्षणको व्यहोरा | सम्परीक्षण रकम |
|---|---|---|---|---|
| १ | ०७६/७७ | ३३ | पोषण स्वयसेवक दिपेन्द्र भण्डारीबाट राजस्व दाखिला | ५९१३४० |
| २ | ०७६/७७ | ४३ | लामा संस्कृति मञ्च उपभोक्ताबाट दाखिला भएको | ४९०७४.३३ |
| २ | ०७६/७७ | | १० उपभोत्ता समिति र १ निर्माण व्यवासायी चाङला निर्माण सेवाको पेश्की फस्यौर्ट | ७८००००० |
| | | जम्मा | | ८४४०४१४.३३ |

प्रमोद राई
लेखापरीक्षण अधिक्षक

कृष्ण प्रसाद रेग्मी
लेखापरीक्षण अधिकारी

दिनेश मिश्र
निर्देशक

Scanned with CamScanner